दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १५५ | बुटवल | २०८२ जेठ १८, गते आइतबार | नेपाल संवत ११४५ | Suday June.01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# खोलामा ठेकेदार राज : अनुगमन शून्यप्राय




रूपन्देहीको तिलोत्तमा नगरपालिका-६ गोरकट्टा पुल नजिक ठेकेदारले तिनाउ नदी उत्खनन् गर्न जम्मा गरेका एक्साभेटर र नदीजन्य पदार्थ बोक्ने टिप्परहरु। घाटगद्दीमा खन्याउनुपर्ने नदीजन्य पदार्थ शनिबार बिहान कश्यप नमूना रोडा उद्योगभित्र खन्याउन लैजादै गरेको बा ०३००१ ख ०७२५ नम्बरको टिप्पर। गोरकट्टा र हरपुर क्षेत्रमा घाटगद्दी गर्ने स्थान नजिकै कश्यप, कालिका, कामना, सिद्धेश्वरी कामना, मुक्तिनाथ, न्यू श्रृटि, रोडालगायत आधा दर्जन क्रेसर उद्योग छन्। सम्बन्धित पालिका, वडा, अनुगमनको मुख्य जिम्मेवारी पाएको जिल्ला समन्वय समितिलगायत मुख्य नियामक निकायले प्रभावकारी अनुगमन नगर्दा गोरकट्टामा जस्तै तिलोत्तमाका अन्य ठाउँ, देवदह, गैडहवा, शुद्धोधन, मायादेवी, सैनामैना र सियारीमा पर्ने तिनाउ, दानव, भलुही, चरङ्गेलगायत खोलामा यसरी नै ठेकेदारहरुको दिनदाहाडै मनपरी उत्खनन् र चोरी गर्दै एकछत्र राज चलाएका छन्। मापदण्ड मिचेर गहिरा खाल्डा पारी खोला उत्खनन् र तोकेको स्थानमा घाटगद्दी गर्नुपर्ने नदीजन्य पदार्थ क्रेसर उद्योगहरुमा पुऱ्याएर ब्यापक मात्रामा चोरी तस्करी हुँदा दीर्घकालीनरुपमा वातावरणीय असर र ठूलो मात्रामा राज्यको कर छली भइरहेको छ। नदी उत्खननको ठेकेदार, पालिका प्रशासन, क्रेसर व्यवसायी, प्रहरी प्रशासनको मिलेमतोविना यसरी मनपरी उत्खनन् र चोरी कार्य सम्भव नहुने स्थानीय बताउँछन्। ठेकेदारहरुले आफ्नो बद्मासी थाहा हुन नदिन ठेक्का स्थल वरपर मुखमा मास्क लगाएका २०-२५ जना युवाहरु परिचालन गर्ने र कसैले फोटो खिच्न खोजेमा घेरा हालेर केरकार गरी आतंकित बनाउने गरेको स्थानीय बताउँछन्। जिल्ला समन्वय समिति प्रमुख उमाकान्त चापागाईंले आफूले अनुगमन गर्न नभ्याएकाले ठेक्का लागेका ठाउँमा मापदण्ड विपरीत उत्खनन् र चोरी हुने गरेको स्वीकार गर्दै आफूले मंसिरमै ठेक्का लगाउन र वडाध्यक्ष पूर्णरुपमा जिम्मेवार हुन निर्देशन दिए पनि पालना नभएको गुनासो गरे। तिलोत्तमामा २ वटा, सैनामैनामा ६ वटा गाडी पक्राउ गरेको उनले बताए। राज्यको स्रोतमाथि मनपरी दोहन र चोरी रोक्न उत्खनन् र ढुवानीका मापदण्डहरु परिवर्तनदेखि स्वतन्त्र निकायबाट अनुगमन हुनुपर्ने वहस उठ्न थालेको छ। *तस्विर : दैनिक लुम्बिनी*

## प्रादेशिक अस्पतालमा ब्लड बैंक स्थापना

बुटवल। लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा रुपन्देही व्यापार संघको १ करोड ५८ लाख २० हजार लागतमा खरिद गरिएको उपकरण सहयोगमा अस्पतालमा रक्तसञ्चार केन्द्र सञ्चालन गरिएको छ।

संघको उपकरण सहयोग तथा अस्पतालको व्यवस्थापनमा सञ्चालन हुने रक्तसञ्चार केन्द्रमा शनिबार २ सय ९७ जनाले रक्तदान गरेका छन्। केन्द्रको समुद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बिरामीलाई नयाँ जीवन प्रदान गर्न रक्तदान नै महादान भएकाले यस प्रकारको दानमा जोडिन सबैमा आह्वान गरे। अस्पतालले अन्य स्वास्थ्य संस्थाहरुमा समेत रगत उपलब्ध गराउन सक्ने क्षमतासहित रक्तसञ्चार केन्द्र स्थापना भएको बताउँदै दिर्घकालिन सञ्चालनमा जोड दिए। मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले सबै बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रम अघि सारे पनि निजी र सामुदायिक अस्पतालमा उपचार गराइरहेका बिरामीलाई रगत उपलब्ध गराउन केही कानुनी जटिलता रहेको र त्यसलाई फुकाउने गरी सरकारले ध्यान दिइरहेको उल्लेख गरे।

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रादेशिक अस्पताललाई सरकारले बुटवल मात्रै नभई सिँगो प्रदेशको आर्थिका आधारको रुपमा लिएको बताए। अस्पतालमा निर्माणाधिन भवनको काम सम्पन्न गर्नका लागि ६ अर्ब बढी गलानी लाग्ने बताउँदै उनले यसका लागि आवश्यक स्रोत व्यवस्थापन र कार्यान्वयनमा सरकार गम्भिर रहेको बताए।

रुपन्देही व्यापार संघका अध्यक्ष दिपक अधिकारीले अस्पतालमा रक्तसञ्चार केन्द्र स्थापनासँगै अब यसको सञ्चालनको सम्पूर्ण जिम्मेवारीमा अस्पतालले ध्यान दिनुपर्नेमा जोड दिए।

## 'देउवाभन्दा राम्ररी प्रधानमन्त्री चलाउने छन्'

बुटवल। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीभित्र सभापति शेरबहादुर देउवाभन्दा अरु धेरै व्यक्ति प्रधानमन्त्री चलाउन सक्षम रहेको टिप्पणी गरेका छन्। शनिबार ललितपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा महामन्त्री थापाले यस्तो बताएका हुन्। पार्टी सभापति अबको १२, १५ महिनापछि प्रधानमन्त्री हुने भन्ने छ,' महामन्त्री थापाले भने-'म के विश्वास गर्दछु भने उहाँभन्दा मेरो पार्टीभित्र अरु दर्जनौं मान्छेले राम्रो प्रधानमन्त्री चलाउँछन्।'

फरक प्रसंगमा थापाले कहिल्यै पनि नेपालको राजसंस्थालाई संवैधानिक बनाउन नसकिने बताए। संवैधानिक राजसंस्था, राजतन्त्र छान्ने की गणतन्त्र छान्ने भन्नेमा बहस गर्न नहुने थापाको भनाइ छ।

राजतन्त्र पुनःस्थापनका लागि पूर्वराजा शाहलाई मैदानमा उत्रिन उनले चुनौती दिए। महामन्त्री थापाले भने- 'हाम्रो डिबेट नेपालमा की राजा रहन्छ, राजसंस्था रहन्छ, कि गणतन्त्र रहन्छ, कुन छान्ने भन्ने हो।'

## गृहमन्त्रीको राजीनामा विपक्षी दलको बटमलाइन : मनिष झा




बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक प्रवक्ता एवं संघीय सांसद मनिष झाले गृहमन्त्री रमेश लेखकको भिजिट भिसा प्रकरणमा यथेष्ट संलग्नता देखिएको भन्दै उनको राजीनामा बटमलाइन भएको बताएका छन्।

शनिबार बुटवलमा पत्रकारसंग बोल्दै झाले गृहमन्त्रीको राजीनामा बटमलाइन भएकाले अब सदन सामान्यरुपले चल्न नदिने बताए। उनले गृहमन्त्रीको राजीनामाका विषयमा सबैजसो प्रतिपक्षी दलहरु एक ठाउँमा रहेको बताए।

'भिजिट भिसाको माध्यमले मानव तस्करीको बारेमा गृहमन्त्रीको यथेष्ट संलग्नता देखिसकियो, उहाँ गृहमन्त्री भएको ११ महिनामध्ये पछिल्लो ५ महिनामा मात्रै ९८ हजार नेपाली भिजिट भिसाबाट बाहिर गएका छन्'-झाले भने-'उहांको सचिवालयका कर्मचारीको समेत यथेष्ट संलग्नता देखियो, त्यसैले विपक्षी दलहरुबिच गृहमन्त्रीको राजीनामाबारे राजनीतिक समझदारी बनिसकेको छ, अब हाम्रो बटमलाइ उहांको राजीनामा हो, त्यो नभएसम्म सदन सामान्य रुपले चल्न दिंदैनौं।'

राप्रपाले राजसंस्था पुनःस्थापनाका लागि अहिले गरिरहेको आन्दोलनको जिम्मेवार तीन ठूला दल भए पनि सबैभन्दा कांग्रेस र एमाले मुख्य जिम्मेवार रहेको बताए।

'राजसंस्था पुनःस्थापनाको मागप्रति रास्वपाको विमति छ, तर यसरी आन्दोलनको परिस्थितिको मुख्य जिम्मेवार कांग्रेस र एमाले हुन्, उनीहरुले गरेका भ्रष्टाचार र मानव तस्करी हुन्।'- उनले भने।

उनले वर्तमान व्यवस्थाभन्दा पनि सरकारको व्यवहार,चरित्रका कारण उत्पन्न असन्तुष्टीको उपज भएको टिप्पणी गरे।

प्रदेशसभा चाहिन्न, प्रत्यक्ष मुख्यमन्त्री र विज्ञको मन्त्रिपरिषदप्रवक्ता झाले प्रदेशसभा खारेज गर्ने पार्टीको एजेण्डा भए पनि प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र बढीमा ७ जना विज्ञहरुको मन्त्रिपरिषद्सहित प्रदेश संरचनाको पक्षमा पार्टी रहेको स्पष्ट पारे।

'प्रदेशसभा चाहिंदैन, यो ठूला दलका दोस्रो तहका नेता व्यवस्थापन गर्ने थलो बनेको छ,' झाले भने-'तर सानो आकारको प्रदेश संरचना आवश्यक छ, जसमा मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित र बढीमा ७ जना विज्ञहरुको मन्त्रिपरिषद् आवश्यक छ।'

स्थानीय तहका प्रतिनिधि रहने प्रदेशसभा बन्ने र यसले गर्दा दोहोरो खर्च नहुने झाले बताए। शासकीय सुधारबारे पार्टी उपसभापति डा. स्वर्णिम वाग्ले संयोजकत्वको समितिले ब्लु प्रिन्टको तयारी गरिरहेको पनि झाले बताए।

राप्रपा नेता दीपक बोहराको निधनपछि रिक्त रुपन्देही ३ को उप-निर्वाचनबारे निर्वाचन आयोगले मिति तोकेपछि मात्रै तयारी थाल्न उचित हुने भन्दै झाले अहिले शोकको घडीमा राजनीतिक र मानवीय हिसाबले निर्वाचनको कुरा नगर्ने बताए। उनले दीपक बोहराले नेपालको राजनीतिमा पुराएको योगदानको सम्मान र प्रशंसा गरे।

यसअघि पार्टी जिल्ला समिति,निर्वाचन क्षेत्रीय समिति र पालिका पदाधिकारीलाई नेतृत्व विकास तालिम दिंदै झाले पार्टी सभापति सहकारी प्रकरणमा जेलमा रहेपनि आगामी महाधिवेशनसम्म उनीबाहेक अरु सभापति हुन नमिल्ने पार्टी विधानमा रहेको उल्लेख गरे।

सहकारी ठगी प्रकरणमा बचतकर्ताको रकम फिर्ताबारे बेवास्ता र मुछिएका मध्ये रवि लामिछानेलाई मात्रै जेलमा हाल्नुले सरकारको राजनीतिक प्रतिशोध पुष्टि भएको झाले टिप्पणी गरे। कांग्रेस र एमालेका ५० जनाभन्दा बढी नेता कार्यकर्तालाई अदालतले पक्राउ पुर्जी जारी गरेको एक वर्ष बितिसकेको प्रमाण आफूहरुसंग रहेको भन्दै उनले राजनीतिक संरक्षणमा उनीहरु पक्राउ नपर्नुले पनि सरकार राजनीतिक प्रतिशोधका आधारमा अघि बढेको बताए। कार्यक्रममा पार्टीका रुपन्देही सभापति डा. बुद्धिप्रसाद शर्मा,उपसभापति आशिष न्यौपाने, सचिव विष्णुप्रसाद पौडेल, रुपन्देही ३ सभापति मधु अर्याल लगायतले चितवनपछि पार्टीले धेरै मत पाएको निर्वाचन क्षेत्र रुपन्देही २ का मतदातालाई पार्टी शिष नेताले सम्बोधन गर्ने गरी आमसभा आयोजना गर्न सुझाव दिएका छन्। यस्तै रुपन्देही ३ को उम्मेदवार बाहिरबाट भन्दा जिल्लाभित्रकै हुनुपर्नेमा पार्टीको ध्यान जानुपर्ने आग्रह गरेका छन्।



## सम्पादकीय

# विश्वविद्यालयमा गुण्डाराज बन्द गर

त्रिभुवन विश्वविद्यालयमा चलिरहेको गुण्डाराज निन्दनीय छ । गुण्डाराज नियन्त्रण गरी विश्वविद्यालयमा शैक्षिक वातावरण बनाउन गृहप्रशासनको बेवास्ता झनै खेदजनक छ । राजनैतिक दलका भातृ संगठनका नेता-कार्यकर्ताले चलाएको गुण्डाराजलाई सत्तारूढ दल र सरकारले नै संरक्षण गर्नु मुलुकमा बढ्दो अराजकताको खुला तस्विर हो ।

त्रिभुवन विश्वविद्यालयमा बेलाबखत चल्दै आएको उदण्ड क्रियाकलपा बुधबार पनि देखियो । सत्तारुढ दल कांग्रेसको भातृ संगठन नेविसंघका कार्यकर्ताहरुले उपकुलपतिको कार्यालयमा प्रहरीकै सामुन्ने तोडफोड गरे । तोडफोडमा उत्रनुको कारण हो-विश्वविद्यालयले स्नातक तहको प्रथम वर्षको भर्ना खुलाउनुपर्छ । माघमै भर्ना बन्द गरी परीक्षा फाराम खोलिसकेको विश्वविद्यालयले भर्ना गर्न नसकिने स्पष्ट पारेको छ । भर्ना नखोलेको आक्रोशमा उपकुलपति कार्यालय तोडफोड गरेर विद्यार्थीहरुले विवेकहिन काम गरेका छन् । भनिन्छ-विद्यार्थी श्रृजनाका खानी हुन्, संभावनाका नायक हुन् र परिवर्तनका वहाक हुन् । कुनै समय विद्यार्थीले नै मुलुकको व्यवस्था परिवर्तनको नेतृत्व गरे । राज्यसत्ताविरुद्ध आन्दोलन गर्दा हुने दमनको प्रतिरोध गर्दा बेलाबखत हुने तोडफोडलाई समाजले स्वभाविक आक्रोशको रुपमा लिन्थ्यो । त्यसलाई राज्यसत्ताको उपज ठान्थ्यो । तर अहिले समाज परिवर्तन भएको छ । विद्यार्थीको भूमिका बदलिएको छ । राजनैतिक मुद्दाभन्दा शैक्षिक मुद्दा प्राथमिकतामा पर्नुपर्नेमा विद्यार्थी स्वार्थ समूहको कारिन्दा भएका छन्, उनीहरु शैक्षिक मुद्दालाई उठान गरी रचनात्मक ढंगले समाधान गर्नुको साटो गुण्डाराज चलाएका छन् । विद्यार्थी संगठनहरुले त्रिविलाई क्यालेण्डरअनुसार शैक्षिक कार्यक्रम चलाउन र शैक्षिक गुणस्तर बढाउन रचनात्मक दबाब दिएका छैनन् । उनीहरुले नियोजित रुपमा अस्वभाविक माग राख्ने र तोडफोड गर्ने प्रवृत्तिलाई बढाइरहेका छन् । त्रिवि नेविसंघ, अनेरास्ववियू र अखिल क्रान्तिकारीलगायत विद्यार्थी संगठनहरुको शक्ति प्रदर्शन गर्ने थलो भएको  छ । उनीहरुको यो शक्ति प्रदर्शनले विश्वविद्यालय थला पर्दै जानुको विकल्प छैन्, त्यसैगरी उनीहरुको माउ पार्टीप्रति नागरिकको भरोसा र विश्वास पनि पटक्कै बढ्दैन ।

मुलुकमा राजनैतिक परिवर्तन भयो, अब हाम्रो आचरण र व्यवहार परिवर्तन हुनु पनि उत्तिकै आवश्यक छ । गुणगर्दी र अराजक व्यवहार र कार्यशैलीले समाजलाई सही दिशानिर्देश गर्न पटक्कै सक्तैन् । त्रिविमा भइरहेको गुण्डागर्दी क्रियाकलापले पदाधिकारी त्रसित भइरहने प्रवृत्तिले उनीहरुले कसरी विश्वविद्यालयलाई सबल बनाउन सक्छन् ? आतंकको छायाँमा कसरी कक्षा कोठामा पठनपाठन राम्रो हुन्छ ? त्रिविमा भइरहेको यो गुण्डाराजका बारेमा प्रधानमन्त्रीदेखि प्रमुख दलका शीर्ष नेता जानकार छन् । गत वर्ष तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेर गृहमन्त्री रमेश लेखकसँग त्रिभुवन विश्वविद्यालयका पदाधिकारी लगायतको सुरक्षाको माग गरेकी थिइन् । विभागिय मन्त्रीले सामाजिक सञ्जालबाट त्रिविका पदाधिकारीको सुरक्षा गृहमन्त्रीसँग माग्नु अर्थपूर्ण छ ।

सधैं गुण्डागर्दी भइरहने त्रिविमा गल्ती गर्नेहरु पक्राउ पर्ने र कानुनअनुसार कारवाहीको दायरामा आउँदैनन् । दलीय संरक्षणले गुण्डाराज सामु प्रहरी निरिह भएको छ । मुलुकमा दलीय संरक्षणमा अपराध मौलाइरहेको यो एउटा उदाहरण हो । विश्वविद्यालय प्राज्ञिक थलो हो, यहाँ हुने हरेक गलत क्रियाकलापलाई नियन्त्रण नगर्ने हो भने त्रिभुवन विश्वविद्यालय अझैं थलिएर जाने निश्चित छ । त्रिविलाई राम्रो बाटोतिर अघि बढाउन गुण्डाराज अन्त्य गरौं ।

# सञ्चार क्षेत्रको सामाजिक दायित्व



विपुल पोखेल

समाजमा देखिइरहेको बहस ठिक छैन । लोकतन्त्रले सही र तथ्यमा आधारित बहसको अपेक्षा गरिरहेको हुन्छ । अन्तर्क्रियात्मक समाजमा मात्रै लोकतन्त्रले आफ्नो सबलताको मापन गर्न सक्छ । नैराश्यतालाई लोकतन्त्रले मन्द विष ठान्छ । सामाजिक बहसलाई हामीले ठिक ठाउँमा राख्न सक्नु पर्छ । अहिले स्वस्थ बहस होइन, कुण्ठा, आलोचना, असहिष्णुता नै बढी अभिव्यक्त भइरहेको छ । उच्चस्तरीय, अनुशासित, मर्यादित र निष्कर्ष केन्द्रित बहस गर्नुपर्ने संसदमा समेत यस्तै अभ्यास भइरहेको छ । यसले सही ठाउँमा पुर्‍याउँदैन । हाम्रो ध्यय के हो ? त्यसमा प्रस्ट भई त्यसलाई नै केन्द्रमा राखेर स्वस्थ बहस गर्ने संस्कारको निर्माण आजको आवश्यकता हो । यस्तो बहस निर्माणका लागि नेपाली सञ्चार क्षेत्रले भूमिका खेल्न जरुरी छ ।




समाजमा यतिबेला नैराश्यता व्याप्त छ । केही पनि भएन भन्ने भाष्य यसरी निर्माण भएको छ कि परिवर्तन भएको छ भनेर तथ्य र सत्यका आधारमा बहस गर्ने हिम्मतसमेत मानिसहरूले राख्न छाडेका छन् । नकारात्मक मनोविज्ञान हाबी हुँदाको परिणाम हो यो, तर समाजलाई सधैँ यसरी निराशामा राख्न भने हुँदैन । तथ्यका अधारमा सही बहसतर्फ समाजलाई उन्मुख गराउने हो भने त्यो नैराश्यता क्रमशः न्यून हुँदै जान्छ । निराशाबाट मुक्त हुँदै आशाको ज्योति खोज्दै हिँड्ने समूहले मात्र परिवर्तनको अगुवाइ गर्न सक्छ । निराशाको आहालमा डुबेर गरिने तर्कमा न तथ्य हुन्छ, न सत्य हुन्छ । त्यहाँ आक्रोश, कुण्ठा अनि प्रतिशोधको भावना मात्र हुन्छ । त्यस कारण अब यो अवस्थामा सुधार ल्याउनका लागि पनि आशाको सञ्चार गर्दै सुधार यात्राको थालनीका लागि काम गर्न आवश्यक छ । निःसन्देह, सुधार राजनीतिक नेतृत्वमा जरुरी छ । उनीहरूको आचरणमा सुधार आउँदा राज्य सञ्चालन प्रक्रियामा समेत सुधार आउँछ । अहिले नागरिकको मुख्य अपेक्षा यही दुई कुरा नै हो तर यो सुधारका लागि नेतृत्वलाई लगातार खेदिरहने मात्र काफी छ त ? आक्रोश, घृणा, कुण्ठा, प्रतिशोधको गन्धसहितको आलोचनाले त्यस्तो सुधार सम्भव छ त ? यो कोणबाट पनि अब सोच्न जरुरी छ । यही आधारमा आफ्नो दायित्वको पहिचान गर्न पनि जरुरी छ ।

संस्कृतको नीतिवचनमा एक ठाउँमा भनिएको छ, "नाभ्यर्थितो जलधरोऽपि जलं ददाति सन्तः स्वयं परहितेषु कृताभियोगाः ।" यसको अर्थ के भने, "कसैले अनुरोध नगरे पनि बादलले पानी दिन्छ । त्यस्तै असल व्यक्ति कसैले भने पनि नभने पनि परहितका लागि प्रयत्न गरिराख्छन् ।" अहिले यही नीतिवचनको आशयलाई आत्मसात् गर्दै सबैले आ-आफ्नो ठाउँबाट राष्ट्रका लागि योगदान दिनुपर्ने समय आएको छ । वास्तवमा नेपाली सञ्चार क्षेत्र अझ अतिरिक्त अग्रसर भएर अहिलेको समाजमा व्याप्त नैराश्यता चिर्दै गलत बहसबाट समाजलाई बचाउँदै एउटा विशिष्ट भूमिका निर्वाह गर्नुपर्ने ठाउँमा उभिएको छ । हामीले केही भएको छैन भनेर निराशा मात्र व्यक्त गर्‍यौं भने त्यो कदापि सही होइन ।

हालसम्म भएको कुराका लागि अघिल्लो पुस्तालाई धन्यवाद भन्न सक्नु पर्छ । कहाँनेर कमजोरी भयो भनेर समीक्षा गर्न सक्नु पर्छ, अनि त्यसलाई सच्याएर अगाडि बढ्ने उत्साह आफैँमा जागृत गर्नु पर्छ । यसरी समस्या थाहा भयो भने उपाय खोज्न सकिन्छ र उपाय भेटियो भने त्यसले स्वाभाविक रूपमा उत्साह प्रदान गर्छ । त्यो उत्साहले मात्र परिवर्तनको नेतृत्व गर्न सक्छ । अङ्ग्रेजीमा एउटा भनाइ प्रसिद्ध छ कि यो पृथ्वी हामीले अघिल्लो पुस्ताबाट सापटी लिएका हौँ, अब त्यो सापटीको ब्याजसमेत जोडेर सुन्दर बनाई अर्को पुस्तालाई हस्तान्तरण गर्ने दायित्व हाम्रो हुन्छ । यो भनाइले पनि हामीलाई हाम्रो दायित्वबोध गर्नका लागि प्रेरित गर्छ । अघिल्लो पुस्तालाई घृणा मात्र गर्ने, योगदानको कदर र सम्मान नगर्ने हो भने पछिल्लो पुस्ताले पनि हामीलाई त्यसै गरी सराप्छ भन्ने बिर्सनु हुँदैन । हामीले कृतज्ञ समाज बनाउने कि कृतघ्न समाज बनाउने भन्ने कुरामा पहिला प्रस्ट भएर आफूलाई प्रस्तुत गर्नु पर्छ ।

समाजमा देखिइरहेको बहस ठिक छैन । लोकतन्त्रले सही र तथ्यमा आधारित बहसको अपेक्षा गरिरहेको हुन्छ । अन्तर्क्रियात्मक समाजमा मात्रै लोकतन्त्रले आफ्नो सबलताको मापन गर्न सक्छ । नैराश्यतालाई लोकतन्त्रले मन्द विष ठान्छ । सामाजिक बहसलाई हामीले ठिक ठाउँमा राख्न सक्नु पर्छ । अहिले स्वस्थ बहस होइन, कुण्ठा, आलोचना, असहिष्णुता नै बढी अभिव्यक्त भइरहेको छ । उच्चस्तरीय, अनुशासित, मर्यादित र निष्कर्ष केन्द्रित बहस गर्नुपर्ने संसदमा समेत यस्तै अभ्यास भइरहेको छ । यसले सही ठाउँमा पुर्‍याउँदैन । हाम्रो ध्यय के हो ? त्यसमा प्रस्ट भई त्यसलाई नै केन्द्रमा राखेर स्वस्थ बहस गर्ने संस्कारको निर्माण आजको आवश्यकता हो । यस्तो बहस निर्माणका लागि नेपाली सञ्चार क्षेत्रले भूमिका खेल्न जरुरी छ । अझ भनौँ, अहिलेको बहसलाई सही बाटोमा ल्याउने सामर्थ्य सञ्चार क्षेत्रले मात्र  राख्छ । त्यसका लागि पहिले सञ्चार क्षेत्र आफैँमा प्रस्ट हुन जरुरी छ । तथ्यहरूमा आधारित सामग्रीको अभावमा समाज सतही र आग्रही बहसमा जुटेको हो भन्ने कुराको बोध गरेर अतिरिक्त जिम्मेवारीसहित सञ्चार क्षेत्र प्रस्तुत हुन जरुरी छ । बीपी कोइरालाले एक पटक भन्नुभएको थियो-"जब सत्यको मुख बन्द हुन्छ, तब मिथ्याको थुतुनो चल्न थाल्छ ।" अहिले सत्यको मुख सञ्चार क्षेत्रमार्फत् खुला राखेर सत्य पस्कन जरुरी छ ।

नेपालको राजनीतिमा समस्या छ, अर्थ क्षेत्रमा समस्या छ, शिक्षा, स्वास्थ्य क्षेत्रप्रति पनि नागरिक गुनासो  छ । त्यति मात्र होइन, राज्यका संरचनाहरूप्रति प्रश्न उठेका  छन् । शासन प्रणालीको दोष हो कि हर्ताकर्तामा क्षमताको अभाव हो भन्नेमा थप प्रस्टता जरुरी छ । यस्ता गम्भीर मुद्दामा व्यापक बहस र निष्कर्षउन्मुख अन्तर्क्रिया नहुँदासम्म हामीले यो नैराश्यताको ओखती भेटाउने छैनौँ । त्यस्तो बहस र अन्तर्क्रियाको आधिकारिक प्लेटफर्म भनेको सञ्चार क्षेत्र नै हो । अहिलेको चुनौती सामाजिक सञ्जालको उपयोग कसरी गर्ने ? भन्ने पनि हो । त्यो माध्यमको उपयोग भनौँ या अभ्यास असल ढङ्गले हुन सकेको छैन । सतही बहसमा सामाजिक सञ्जाल व्यस्त छ । यहाँका राजनीतिक, आर्थिक, सामाजिकलगायतका यावत् क्षेत्रमाथि सामाजिक सञ्जालको बहसले सही मार्गनिर्देश गर्न सक्दैन । निष्कर्ष खोज्ने ढङ्गको बहस गर्ने सामर्थ्य र दक्षता पनि सामाजिक सञ्जालले राख्दैन । नागरिकका सरसर्ती आएका धारणा, त्यसमाथिका तत्कालीन प्रतिक्रिया नै सामाजिक सञ्जालका विषयवस्तु बनेका छन् । यही सामाजिक सञ्जालका आधारमा नागरिकले आफ्नो विचार निर्माण गर्न सक्दैनन् वा त्यसरी निर्मित विचारले परिवर्तनको अगुवाइ गर्ने क्षमता पनि राख्दैन र नैराश्यता पनि चिर्न सक्दैन । त्यसैले सञ्चार क्षेत्रले गम्भीर र तथ्यपरक सामग्रीमार्फत समाजलाई गहिरो र असल अन्तर्क्रियातर्फ प्रेरित गर्नु पर्छ । अहिलेको सन्दर्भमा यही नै सञ्चार क्षेत्रको प्रमुख दायित्व हुन आउँछ ।

सुशासनको अभाव, भ्रष्टाचारका काण्डको सार्वजनिकीकरण जस्ता कुराले पनि अहिले व्यवस्थाप्रति नै प्रश्न उठाउन चाहनेहरूका लागि ठाउँ निर्माण गरिदिएको छ । सञ्चार क्षेत्र कुशासन र भ्रष्टाचारका सवालमा अझै निर्मम भएर प्रस्तुत हुन जरुरी त छ नै, सँगसँगै ती सवालमा काम गर्ने संरचनालाई बलियो बनाउन पनि अग्रसर हुनपर्ने छ । किनभने लोकतन्त्रको अभ्यास गर्दा विभिन्न संरचनाहरू बनाइन्छन्, ती संरचनाहरू सबल हुन्छन्, काम गर्छन्, परिणाम दिन्छन् । त्यो परिणामको लाभ नागरिकले प्राप्त गर्छन् तर हामीले लोकतन्त्रको असल अभ्यास नगर्दा ती संरचना कमजोर भए, काम गरेनन्, जनता लाभान्वित हुन सकेनन् । संवैधानिक आयोगका नियुक्ति प्रणाली नै गिजोलियो, भागबन्डामा गयो । मानव अधिकार आयोगको निर्देशन कार्यान्वयनको अवस्था हेर्दा १६/१७ प्रतिशत पनि कार्यान्वयन छैन । अहिलेको मूल समस्या यही हो । यसले हामी सही ठाउँमा छैनौँ भन्ने देखाउँछ । हाम्रा संरचना यतिसम्म कमजोर भए कि को दोषी हो ? उसलाई कारबाही गर्ने कि नगर्ने भन्ने कुरामा अब अनुसन्धान र कारबाहीका जिम्मा पाएका संरचनामाथि विश्वास नै भएन । दोषी पहिचान गर्ने र कारबाही गर्ने कुरा पनि अब संसदमा पुग्यो । संसद अवरुद्ध गरेर कारबाहीको माग गर्ने अभ्यास पो प्रारम्भ भयो ।

हाम्रो संसदीय अभ्यास कहाँ पुग्यो ? समग्र राज्यप्रणालीमा सुधारका लागि नीति, कानुन बनाउनुपर्ने संसद् नै यतिबेला घटना केन्द्रित भएर निश्चित घटनाका दोषीलाई कारबाही गर्ने कि नगर्ने भन्ने अनौठो बहसमा अलमलिएको छ । संसद् नै यसरी अलमलमा पर्दै गर्दा शासन सञ्चालनका अङ्गहरूको अवस्था कति कमजोर भए होलान् भन्ने अनुमान लगाउन सकिन्छ । लोकतन्त्रको साख गिर्ने गरी भएका यस्ता गतिविधिबाट मुलुकलाई सही मार्गमा हिँडाउन तीव्र बहस जरुरी छ । परिवर्तनका एजेन्डामा अन्तर्क्रिया गर्न सक्ने समाज निर्माण गर्न दायित्व वहन गर्नुपर्ने छ । यस्तो बेला सामाजिक सञ्जालका विषयलाई सूचनाका स्रोत बनाएर दिन गुजार्ने अवस्थाबाट नागरिकलाई मुक्त गरी आशा जगाउने सामग्रीसहित सञ्चार क्षेत्र प्रस्तुत हुन आवश्यक छ । कमजोर शासकीय अभ्यासबाट निराश बनेको जमाततलाई व्यवस्थाविरोधी भन्ने कि शासकीय क्षमता अभिवृद्धिका लागि आवश्यक दबाब वा ध्यानाकर्षण गर्ने ? यस विषयमा पनि सञ्चार क्षेत्र प्रस्ट भएर प्रस्तुत हुन आवश्यक छ । गोपबाट

# सामाजिक सञ्जाल प्रयोगकर्ताको वर्गीकरण र यसको दुरुपयोगबाट हुने स्वास्थ्य असर

अनावश्यकरुपमा सामाजिक सञ्जालको दुरुपयोग गर्नु पनि समस्या हो भन्ने कुरा विभिन्न अध्ययनबाट पुष्टि भैसकेको छ । यसको सही सदुपयोगका कारण कतिपय ज्ञान, सिद्धान्त र अभ्यास सिकेर आफूलाई सफल बनाउन सकेका उदाहरणहरु पनि प्रशस्त देखिएका छन् । यहाँ सामाजिक संजालको दुरुपयोग भन्नाले त्यस्ता ब्यक्ति वा प्रयोगको माध्यम (अकाउन्टस्) लाई बुझिन्छ, जसका कारण समाजमा नकारात्मक भावना वा तरङ्ग फैलिन गई त्यसको असर अन्य व्यक्तिमा स्थानान्तरण हुन सक्छ । यसै सन्दर्भमा सामाजिक सञ्जालको नकारात्मक प्रयोगकर्ताको मोटामोटी वर्गीकरण देहाय अनुसार गर्न सकिन्छ ।

१. समाजमा नकारात्मक सन्देश वा विज्ञापन फैलाउने प्रयोगकर्ता (स्पामर्स), जसमा कुनै महत्वपूर्ण सन्देश प्रवाह भएको हुँदैन र खाली क्षणिक आनन्द वा प्रयोगकर्ताको प्रतिक्रिया जान्नका लागि मात्र हुने गर्छ । यस्ता प्रयोगकर्ताहरु प्रायः आफूलाई अरुसँग तुलना गर्न रुचाउँछन् र यस प्रकारको भावनाले उनीहरुमा इर्ष्या र नकारात्मक भावनाको विकास हुन जान्छ ।

२. कुनै लेख, टिप्पणी वा फोटो प्रति सकारात्मक भावनाले अर्थ नलगाई तुरुन्तै नकारात्मक भावना पैदा गरी असान्दर्भिक र नकारात्मकरुपमा प्रतिक्रिया प्रवाह गर्ने प्रवृत्तिका कारण सोहि स्वभाव भएका अन्य व्यक्तिहरु उचालिने हुनाले समाजमा उद्दण्डता र बिचारको विषाक्तता फैलिन सक्छ ।

३. सामाजिक संजालमा नकारात्मक भावना फैलाउने व्यक्तिहरुले नक्कली नाम वा परिचय सृजना गरी अरुको नाममा अनावश्यक सन्देश वा  भ्रम फैलाउने गर्दछन् । यसबाट अरुको बदनाम गर्ने, तनाव पैदा गर्ने र आफूले कसैबाट लाभ प्राप्त गर्ने ( कसैको माध्यममा काम गरेको भएमा ) प्रबृत्ति हावी भएको पाइन्छ ।

४. समुदाय वा व्यक्ति विशेषलाई कुनै फाइदालाई नसोची आफूमात्र चर्चित हुनका लागि अनावश्यक सन्देश, कविता,  फोटो, भिडियो, प्रतिक्रिया वा टिप्पणी गर्ने प्रयोगकर्ता यस वर्गमा पर्छन् । समाजमा खासै योगदान नहुने र आफूलाई सधैँ सामाजिक संजालमा कुनै न कुनै रुपमा संलग्न गराई प्रतिष्ठा स्थापित गर्न खोज्नेहरुबाट  यस प्रकारको काम भई रहेको पाइन्छ ।

५. आफ्नो छवी कायम गर्न वा अभियान्ताको दर्जा कायम राख्न सामाजिक सञ्जालको प्रयोग गर्ने जसलेगर्दा मौकामा चौका पाउने आशाका अभिलासिहरुले यस प्रकारले संजालको प्रयोग गरेको पाईन्छ र यस्ता व्यक्तिहरु मध्ये नगन्य मात्रामा केहिले फाइदा लिएको उदाहरण पनि देख्न सकिन्छ ।

६. कुनै परिस्थितिमा तयार भएको विषयवस्तुलाई सो परिस्थिति गुज्रिसकेपछि वा त्यसको औचित्य समाप्तिपछि सोहि सामाग्रीलाई बारम्बार सामाजिक संजालमा सियर गरिदिने, जसले गर्दा मूल सन्देशकर्तामा नकारात्मक आंचमा असर पर्न सक्छ ।

हाल सामाजिक सञ्जाल प्रयोग गर्ने नाममा विभिन्न विकृतिहरु छताछुल्ल भएको अनुभव जोकोहीले गर्न सकिन्छ । सामाजिक सञ्जालको अनिधिकृत प्रयोगबाट प्रयोगकर्ताको व्यक्तिगत जीवनका विभिन्न आयामहरुमा समस्या देख्न सकिन्छ । यसबाट समाजमा रहेको अनुसाशन, मान्यता र सामाजिक परिपाटीमा नकारात्मक असर परेको अनुभव गर्न सकिन्छ । विद्युतीय माध्यमको अनावश्यक प्रयोगबाट देखिने केहि नकारात्मक प्रभाव देहाय अनुसार रहेका छन्-

(१) अनावश्यकरुपमा सामाजिक सञ्जालको प्रयोगकर्ताको पारिवारिक वा  सामाजिक विच्छेदले गर्दा  एकान्तपना हुनु हो । सोका कारण त्यस्ता प्रयोगकर्ताले सञ्जालमार्फत् व्यक्त विचार आफ्नो रुची वा विज्ञतासंग नभई भावनात्मक रुपमा अनावश्यक  चासो देखाई आफ्ना तिक्तता जाहेर गरिरहेका हुन्छन् । कुनै पनि व्यक्तिले सञ्जालमा राखेका कतिपय विचारहरु वास्ता नगरेपनि हुन्छन् । किनकी सबै विषयमा सबै व्यक्ति जानकार हुन् सक्दैन, तथापि यस्ता सामाजिक सञ्जाल प्रयोगकर्ताले आफ्ना प्रतिक्रिया जाहेर गरिरहेका हुन्छन र त्यस्ता व्यक्तिहरु व्यक्तिगत भेटघाट वा छलफलबाट भन्दा सामाजिक संजालबाट प्रतिक्रिया व्यक्त गर्न रुचाउछन्, जसले गर्दा उनीहरुमा सामाजिक बिच्छेद वा एकलौटेपनाको विकास हुन पुग्छ ।

(२) सामाजिक सञ्जालबाट प्राप्त विवरणहरु  सबै सत्य र तथ्य नहुने हुन्छन् । अनावश्यकरुपमा सामाजिक संजाल प्रयोगकर्तामा कुन सत्य, तथ्य वा सामाजिक चासोको विषय हो, त्यसको प्रवाह नगरी प्रकाशित सामाग्री प्रति आफू प्रतिक्रियाशील (रियाक्टिभ) भई  नकारात्मक भावना सम्प्रेषण गरेका कारण आफ्नो आत्म-सम्मान गुमाइरहेका हुन्छन् । त्यसता व्यक्तिहरुमा असन्तुष्टि र नकारात्मक संवेगात्मक प्रणालीको बिकास हुन जान्छ र सोहीअनुसारको प्रतिक्रिया सामाजिक सञ्जालमा प्रवाह भइरहेको पाइन्छ ।

(३) अनावश्यकरुपमा घन्टौंसम्म सामाजिक सञ्जालको प्रयोगकर्तामा अस्वभाविक व्यवहार वा चरित्रको विकास हुन सक्छ । यस्ता प्रयोगकर्तामा आफ्नो महत्वपूर्ण समयको ख्याल हुँदैन र राति अवेरसम्म वा बिहान बिस्तरामै विभिन्न विद्युतीय माध्यममार्फत्  सञ्जालको निकटमा रहने आदत बस्छ । यसले गर्दा उनीहरुमा गहिरो निन्द्रामा जाने क्षमता गुम्दै जान्छ । पर्दामा लगातार घोत्लिदा निलो विकिरणको असरले शरीरमा मेलाटोनिन हर्मोनको उत्पादनमा समस्या हुन्छ, जसलेगर्दा निन्द्रामा समस्या उत्पन्न भई मानसिक समस्याको बिकास हुन सक्छ ।

सन् २०२३ मा गरेको एक सर्वेक्षणअनुसार ११ देखि १९ वर्ष उमेर समूहका करिव ४१ प्रतिसत व्यक्तिलाई कुनै न कुनै प्रकारको मानसिक समस्या उत्पन्न भएको तथ्य प्रकाशन भएको छ ।

(४) सामाजिक सञ्जालको अत्यधिक प्रयोगकर्तामा संवेगात्मक चोट (रिसाउने, नकारात्मक सोंचाइ, अनावश्यक डर, आत्मसम्मानमा कमी र सामान्य सोचाइमा भिन्नता)को विकास हुँदै जान्छ, जसलाई साइबरबुलिङ भनिन्छ । एक अध्ययनका अनुसार साइबरबुलिंगको चपेटामा परेका कुल १३ देखि १९ वर्षका व्यक्तिहरु मध्ये करिव १० प्रतिसत साइबरबुलिंगको लक्षण देखा परेको पाईएको छ र जसलाई सो उमेर समुहमा देखिने मानसिक रोगको प्रमुख कारण मानिएको छ ।

(५) लागातर लामो समयसम्म सामाजिक सञ्जालको लतको बाढीले गर्दा व्यक्तिको एकाग्रता र व्यक्तिगत विकासका गतिविधिहरुमा अवरोध उत्पन्न हुन्छ । कुनै काम, जिम्मेवारी वा अध्ययन प्रतिव्यक्तिको चासो हराउँदै जान्छ र आफूलाई सञ्जालको एक अभिन्न अंगको रुपमा अङ्गिकार गरी आफ्ना व्यवहारहरु प्रकट गर्दै जान थाल्छ र क्रमशः मानसिक र शारीरिक रुपमा व्यक्ति कमजोर बन्दै जान्छ ।

(६) सामाजिक सीप वा सिकाइमा नकारात्मक प्रभाव बढ्दै जानु अर्को एक सामाजिक सञ्जालको अत्यधिक प्रयोगकर्तामा देखिने प्रभाव हो । विशेष गरेर यस्तो प्रभाव देखा पर्दा आमने सामने छलफल र अन्तरक्रियामा कम सहभागी हुने, आत्मनिर्भरतामा कमी हुँदै जाने र  नकारात्मकरुपमा टिप्पणी गर्न अग्रसरता देखाउने प्रवृत्तिको विकास हुँदै जान्छ । आफ्ना टिप्पणी वा संदेश प्रति कसको समर्थन वा विरोध छ, चासो राखी विरोधी प्रति पूर्वाग्रही भावना राख्ने प्रवृत्तिको विकास हुँदै जान्छ ।

(७) सामाजिक सञ्जालको अनाधिकृत प्रयोगकर्ताले सञ्जालमा उपलब्ध गलत सन्देशहरुलाई सेयर, लाईक र टिप्पणी गरिदिनाले समाजमा भ्रम उत्पन्न हुने र गलत समाचार फैलिन सक्छ  । यस्ता व्यक्तिहरुमा कुन विषय प्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न उपयुक्त हुन्छ भन्ने ख्याल नगरी एककोहोरोरुपमा आफ्ना कुरा पस्किरहेका हुन्छन् । यस्तो अवस्था भनेको सामाजिक संजालको व्यक्तिमाथि परेको दबाब हो र यसका कारण व्यक्तिका कतिपय महत्वपूर्ण कामहरु छुट्न सक्छन् र उसमाथि समय व्यवस्थापनको दबाब पनि सृजना हुन जान्छ ।

अन्त्यमा, सामाजिक सञ्जालको सन्तुलित प्रयोगबाट आफ्ना विचारलाई संयमित गर्न सकिन्छ । दैनिक कुनै समयमा  मात्र यसको प्रयोग गर्ने र हप्तामा कुनै १ दिन यसको प्रयोग नै नगर्ने अभ्यास गर्नु उपयुक्त मानिन्छ र यसलाई सामाजिक सञ्जालको उपवास पनि भन्ने गरिन्छ । यसबाट व्यक्तिले अनावश्यकरुपमा सामाजिक सञ्जालको कुलत छोडी ऊर्जाशील काममा लाग्न प्रेरित गर्छ ।

( ज्ञवाली जनस्वास्थ्य विज्ञ हुन्)

### लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलन सम्पन्न:

# बुद्धको अवधारणा कार्यान्वयन जरूरी



लुम्बिनी । प्रदेशको आर्थिक समृद्धि र पर्यटन प्रवर्द्धन गर्न सबै तहमा बुद्धको अवधारणा कार्यान्वयन गर्नुपर्ने निष्कर्ष निकाल्दै लुम्बिनीमा आयोजित दुई दिने लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलन सम्पन्न भएको छ ।

"समृद्ध प्रदेश, खुसी नागरिक" को लक्ष्य हासिल गर्न बुद्धको अवधारणालाई शासन पद्धतिका आयामहरूमा प्रयोग गर्नुपर्नेमा सरोकारवालहरु प्रतिबद्ध भएका हुन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालय र लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको सहकार्यमा आयोजित सम्मेलनमा सहभागी सरोकारवालाहरुबाट ७ बुँदे सामूहिक प्रतिबद्धता जनाइएको थियो ।

लुम्बिनी प्रदेश सरकार र विश्वविद्यालयको सहकार्यमा स्थानीय तथ्य र ज्ञानमा आधारित भई लुम्बिनीको गुणस्तरीय आर्थिक पर्यटन, पथ प्रदर्शन सेवा, पर्यटक सेवा सुविधा, पुरातात्विक पर्यटन पर्यटनस्थलको वातावरण, सम्पदामैत्री पर्यटन प्रवर्धनको आधार, लघु व्यवसाय सीप तथा हस्तकलाको संरक्षण तथा सम्बर्द्धन, स्थानीय उत्पादनको प्रवर्धन र उपयोगलगायतका विषयमा मापदण्ड तथा सूचक तयार गरी प्रदेशस्तरीय एकीकृत पर्यटनसम्बन्धी कार्यविधि तर्जुमा गरिने प्रतिबद्धतामा उल्लेख छ ।

प्रतिबद्धता पत्र सार्वजनिक गर्दै विश्वविद्यालयका योजना तथा मूल्यांकन महाशाखाका निर्देशक डा. कुलप्रसाद खनालले लुम्बिनी क्षेत्रमा प्रदेशको प्रस्तावित लुम्बिनी क्षेत्र विकास प्राधिकरणसँग एकीकृत गरी बौद्ध आर्थिक ढाँचा को न्यूनतम अवस्था कार्यान्वनको विषयगत खाका तयार गर्ने र बौद्ध दर्शनलाई दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रदेशअन्तर्गत सबै तह र निकायहरूसँग समन्वय र सहकार्य गर्ने उल्लेख गरे ।

विद्यालय शिक्षामा आधारभूत बौद्ध शिक्षाको पठनपाठनका लागि प्रदेश सरकार र विश्वविद्यालयको सहकार्यमा प्रदेशस्तरीय पाठ्यक्रम तर्जुमा गरी स्थानीयतहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिने प्रतिबद्धता पत्रमा उल्लेख छ ।

"लुम्बिनी क्षेत्रको आर्थिक पर्यटकीय विकाससँग सम्बन्धित समसायिक मुद्दा र विषयमा प्रदेश सरकार र लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा बौद्ध आध्यात्मिक क्रियाकलाप, सेमिनार, कार्यशाला, गोष्ठीहरू आयोजना गरी प्रदेश योजना आयोग र अन्य जिम्मेवार निकायलाई नीतिगत पृष्ठपोषण प्रदान गरिने छ ।"- प्रतिबद्धता पत्रमा भनिएको छ ।

सम्मेलनको समापन गर्दै विश्वविद्यालयका उपकुलपति प्रा.डा.सुवर्णलाल बज्राचार्यले बौद्ध शिक्षालाई आर्थिक विकास र सामाजिक समृद्धिसँग जोड्न आवश्यक रहेको बताए । उनले समकालीन आर्थिक चुनौतीको समाधानकालागि सबै तहमा बुद्ध शिक्षाको प्रयोग गर्नुपर्नेमा जोड दिए ।

लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध आर्थिक अवधारणालाई अनुसन्धान, शिक्षा र विकाससँग समाहित गर्दै लुम्बिनीलाई एक आध्यात्मिक र समृद्ध आर्थिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यमा प्रतिबद्ध रहेकाले यसकालागि सबैको साथ र सहकार्य आवश्यक रहेको उनले जनाए ।

उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव नारद गौतमले लुम्बिनीको पर्यटन प्रवर्धनकालागि मन्त्रालयले विभिन्न योजना अघि बढाएको जानकारी गराउँदै साथ र सहयोगकालागि सबैलाई आग्रह गरे ।

बौद्ध दर्शन, आर्थिक समृद्धि, दिगो पर्यटन, पूर्वाधार विकास र सहकार्यजस्ता विविध विषयमा भएको प्रस्तुतीकरण सत्रमा विश्वविद्यालयका रजिष्ट्रार डा.तिलकराम आचार्य, मुख्यमन्त्रीका प्रमुख सल्लाहकार लक्ष्मण ज्ञवाली, प्रदेश योजना आयोगका सचिव खिमबहादुर कुँवरलगायतले बोलेका थिए ।

दुईदिने सम्मेलनमा विभिन्न क्षेत्रका विज्ञहरु डा. प्रकाशकुमार श्रेष्ठ, डा.हरिध्वज राई, डा.रीना तुलाधर, डा.रामराज उपाध्याय, डा.शारदा पौडेल, सञ्जय शाक्यलगायतले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै पर्यटन व्यवसायी, विभिन्न संघ संस्थाका प्रतिनिधि, प्राध्यापक, अनुसन्धानकर्ताहले बौद्ध मूल्यमा आधारित समावेशी, शान्तिपूर्ण र दिगो आर्थिक विकासको अवधारणालाई व्यवहारमा उतार्न आवश्यक रहेको धारणा राखेका थिए ।

# नयाँ पुस्ताले चासो नदिँदा भैँडापालन सङ्कटमा

ढोरपाटन । निसीखोला गाउँपालिका-६ का ६७ वर्षीय भागविर घर्ती मगरले भैँडापालनमा लागेको ५८ वर्ष भयो । नौ वर्षको उमेरदेखि भैँडापालनमा लागेका उनी अहिले पनि उस्तै तगडा छन् । उनका भैँडाका बथानमा २०० को हाराहारीमा पाठापाठी र माहुँ भैँडा छन् । गत असोज दसैँ मान्नका लागि बेसी झरेका किसान घर्ती लेक उक्लिने तरखर गर्दै छन् ।

उनका लेकमा बस्ने धेरैजसो गोठाला साथी लेक उक्लिसके । जेठ दोस्रो सातादेखि किसानले पशुचौपाया बुकी उकाल्न थालेपछि अहिले तल्लो क्षेत्र सुनसान बनेका छन् । यति बेला बागलुङको रिग क्षेत्र, खोलाखानी, सोडेडाँडा, पातीहाल्नेलगायतका ठाउँमा गाईभैँसी, भैँडाबाख्रा, भोटे कुकुरसँगै गोठाला किलादाम्ला र खर्चपर्च बोकी बुकी उक्लि रहेको भेटिन्छ । एकै परिवारले सयौँको संख्यामा पशुचौपाया पाल्ने हुँदा बाह्रै महिना एकै ठाउँमा बसेर घाँस र दाना पुऱ्याउन सक्दैनन् । यतिबेला लेक उक्लिएका गोठाला दसैँ मान्न असोज तिर मात्रै बेसी झर्छन् ।

अबको एक सातामा बुकी भेडाका बथानले भरिन्छन् भने बेसी क्षेत्र रित्तो हुन्छन् । अघिल्लो वर्ष असोजमा बेसी झरेका गोठाला सात महिनापछि लेक उक्लिन थालेका हुन् । लामो समय लेकमै बस्ने हुँदा भागविरले खाने खर्चको चाँजोपाँजो मिलाउँदै छन् । अबको करिब पाँच महिना लेकमै बिताउने उनी बताउँछन् । यतिबेला बेसीमा घाँस सकिएको र लेकमा प्रसस्त पाइने उनको भनाइ छ । गोठालाहरु तीन हजारदेखि चार हजार ५०० मिटरको उचाइसम्म पुग्ने गर्छन् ।

यस वर्ष अलि छिटै वर्षा सुरु भएपछि लेकमा घाँस पलाउन थालेको घर्तीले बताए । बर्खा भरि बुकीमा पालेका भैँडाबाख्रा दसैँका बेला बजारसम्म पुऱ्याएर राम्रो मूल्य पार्ने गर्दछन् । बागलुङको निसीखोला-६ मा पर्ने रिग, खानीखोलामा रोल्पा र रुकुमका गोठाला पनि हजारौँ भैँडाबाख्रा लिएर आउने गर्छन् । हिउँदको समय बुकीमा हिउँ पर्ने र जाडो हुने हुँदा बेसी ओर्लने गर्छन् । पछिल्लो समय नयाँ पुस्ताले चासो नदिँदा भैँडापालन किसान कम भएको उनको भनाइ छ ।

"लामो समय बेसीमै बसियो, अब लेक जाने बेला भयो, यसपाली मैले केही दिन ढिला गरेँ, अबको दुई/चार दिनमा म पनि लेकमा पुगि सक्छु, गाउँमा बस्दा परिवारसँगै भइन्छ, रमाइलो हुन्छ, लेकमा त सबै हुँदैनन्," उनले भने-"अब गएपछि आउने उहीँ दसैँ बेला हो, त्यस बेलासम्म छोराछोरीसँग भेट्न हुन पाइँदैन, कहिलेकाहीँ अन्नपात लिएर लेक उक्लिए भने मात्रै भेट हुन्छ ।"

जिल्लो तमानखोला, बोबाङ, अधिकारीचौरलगायतका क्षेत्रका भेडीगोठाले पनि ढोरपाटन, जलजलालगायतको क्षेत्रमा वस्तुभाउ लिएर जाने गर्छन् । यी क्षेत्रबाट आधाभन्दा बढी गोठाला लेकमा पुगी सके भने केही बाटोमै भेटिन्छन् । कोही जाने सुरसार गर्दैछन् । ढोरपाटन-९ का थमबहादुर पुनले गत साता गाईभैँसीलाई लेक पुऱ्याएका छन् । आफू पेटसम्बन्धि रोगी भएको हुँदा उपचारका लागि अहिले बेसी झरेका छन् । पाँच दिनपछि लेक फर्किने गरी बेसी झरेको पुनले बताए ।

पहिले लेक जाँदा अन्नपात र वस्तुभाउका किलादाम्ला मान्छेले नै बोकेर लैजाने गरेको भन्दै बुर्तिबाङ-ढोरपाटन सडकमा गाडी चल्ने हुँदा ढुवानी तिरेर लैजाने गरेको उनले सुनाए । बाउबाजेको पालादेखि नै लेकबेसी गरेर सयौँ वस्तुभाउ पाल्दै आएको पुनको भनाइ छ । आफूको पुस्ताले पशुपालन गरेरै जीविको चलाए पनि अबका नयाँ पुस्ताले यो पेसा नगर्ने उनी बताउँछन् ।

# एक सय ४० रोपनी बाँझो जग्गामा केराखेती

बागलुङ । बागलुङको दक्षिण भेगमा रहेको जैमिनी नगरपालिकाको कुश्मिसेरा क्षेत्र केराखेतीले प्रसिद्ध छ । हाल जिल्लाका बजारमा यही क्षेत्रको अधिकांश केरा आउने गरेको बताइन्छ ।

नगरपालिकाले कुश्मिसेरा क्षेत्रलाई केराको हब बनाउने उद्देश्यसहित बाँझो जग्गा उपयोगको नीति लिएको छ । त्यसका लागि चालु आर्थिक वर्षमा 'सेरा जाउँ, केरा खाउँ' नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्यक्रममार्फत् रु १२ लाख लागतमा १४० रोपनी जग्गामा तीन हजार पाँच सय केराका बिरुवा लगाउने लक्ष्य छ । सोअनुसार ७० प्रतिशत प्रगति भइसकेको वडा नं १ का अध्यक्ष विष्णुप्रसाद आचार्यले जानकारी दिए ।

हाल वडा नं १ कुश्मिसेराको १४० रोपनी जग्गामा केराखेती विस्तारको काम भइरहेको छ । कुश्मिसेरामा उत्पादन हुँदै आएका स्थानीय जातको केरालाई नगरपालिकाले केरा पकेट क्षेत्रको रूपमा विकास गरेको वडाध्यक्ष आचार्यले बताए ।

कुश्मिसेराको फलाटे, भडारे र बिनामारेको केही स्थानमा धमाधम केराखेती विस्तार भइरहेको छ । वडाध्यक्ष आचार्यले भने-"पछिल्लो समय केराबाट यहाँका किसानले लाभ उठाउँदै आएका छन् । नगरपालिकाले यसमा प्रोत्साहन गर्दा बाँझो जग्गा सदुपयोग भएको छ । आगमी दिनमा केरा विस्तारको कार्यक्रम निरन्तर सञ्चालन गरिने छ । धेरै मेहिनत गर्न नपर्ने तर नगद आम्दानी हुने भएकाले पनि यहाँका किसान यसतर्फ आकर्षित भइरहेका छन् । आर्थिक उपार्जन पनि राम्रै छ ।"

स्थानीय मतिप्रसाद शर्माले यहाँ किसानले केराखेतीबाट वार्षिक लाखौँ रकम भित्र्याउँदै आएको बताए । काँचो केरालाई होलसेलमा प्रतिदर्जन रु ७० मा बिक्री भइरहेको उनले जानकारी दिए । पाँच रोपनी जग्गामा केराखेती गर्दै आएका शर्माले केरा पकटे क्षेत्र विस्तारअन्तर्गत तीन रोपनी जग्गामा केराखेती विस्तार गरिएको बताए । "फलाटे कृषक समूहअन्तर्गत अन्य किसानलाई केरा विस्तारमा सघाउँदै आएको छु । रु १२ लाख बजेटबाट बिरुवा खरिद, खाल्टो खन्न र बिरुवा लगाउन ५० प्रतिशत सुविधा किसानलाई दिइएको छ । एउटा खाल्टो तयार गर्न रु एक सय ५०, बिरुवा खरिद गर्न रु ३० र रोप्न रु ३० निर्धारण गरिएको छ ।"-शर्माले भने ।

यस्तै, सिँचाइ पूर्वाधारका लागि फलाटे कृषि समूहले ८५ प्रतिशत अनुदानमा सिँचाइको व्यवस्था मिलाएको छ । स्थानीय जातको केराखेती विस्तार र सिँचाइ पूर्वाधारमा नगरपालिकाको रु १२ लाख लगानी भए पनि किसानको श्रमदान जोड्दा रु १८ लाख पुगेको नगरपालिकाको कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिए । फलाटे, भडारा र साना किसान समूहमा विमानमारे एक सय ४० रोपनी क्षेत्रफलमा बाँझो जग्गा सदुपयोग गरेर केराखेती विस्तार भइरहेको उनले जनाए ।

"केराखेती विस्तार गर्नेमा पहिलो चरणमा ५० भन्दा बढी किसान रहेका छन् । भाडारा, फलाटे, बिनामारे, वडारे, टार, टुनीवोट, खौरीकेस, मिरिघार र खौलालगायत गाउँमा खेराखेती विस्तार गरिएको छ", सापकोटाले भने-"समुन्द्री सतहबाट छ सय मिटर मात्रै उचाइ रहेकाले जैमिनीघाट र कुश्मीसेरामा केराखेतीका लागि उपयुक्त हावापानी छ । वडा नं १ का एक हजारभन्दा बढी किसानले व्यावसायिक केराखेती गरेका छन् ।"

यहाँका किसानले 'रामरेखा लोकल', 'झापाली मालुवा' र 'जी ९' जातका केराको व्यावसायिक उत्पादन गरिरहेका छन् ।

# महिलालाई आत्मनिर्भर बनाउन एकमहिने हस्तकला सीप

बाँके । बाँकेको राप्तीसोनारी गाउँपालिकाले महिलालाई आत्मनिर्भर बनाउन हस्तकला सीप सिकाएको छ । स्थानीय स्रोतसाधनको प्रयोग गरी स्वरोजगार र महिलालाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ गाउँपालिकाले प्राकृतिक रेशाजन्य वनस्पति थाकलको पात र मकैको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री उत्पादनसम्बन्धी एकमहिने तालिम प्रदान गरेको हो ।

तालिम प्रशिक्षक राप्ती सोनारी-४ बैजापुरकी कल्पना थारुले थाकलको पात र मकैको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री उत्पादन गरी महिलालाई स्वरोजगार बनाउने उद्देश्ले सीप सिकाइएको बताइन् ।

सीपले गाउँघरमा खेर गएका कच्चापदार्थबाट टोपी र झोला बनाउन सकिने भएपछि राम्रो आम्दानी हुने आशा जागेको स्थानीय उमा थारुको भनाइ छ । उत्पादन गरिएका सामान बिक्रीवितरण गर्न सकिए पारिश्रमिक राम्रो पाइने हुनेपछि आफूले सीप सिकिरहेको उनले जनाइन् ।

गाउँपालिका अध्यक्ष तप्त पौडेलले हाल ६० महिलाले मकैको पोस्कर, खोस्टा तथा थाकलको पातबाट विभिन्न हस्तकलाका सामग्री बनाउने सीप सिकिरहेको बताए । सीप सिकेपछि महिलाले बनाउने सामग्री ओम राजश्री मल्टिएग्रो प्रालि काठमाडौँले बजारीकरण गर्नेगरी सम्झौता भएको उनले जानकारी दिए । पालिकाका नौवटै वडामा तयार भएका सामग्री सङ्कलन गरेर बजारीकरणमा गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष पौडेलले प्रतिबद्धता व्यक्त गरे ।

गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारुले लक्षित वर्गलाई प्राथमिकतामा राखेर सीपमूलक तालिम सञ्चालन गरिएको बताइन् । "अन्तरराष्ट्रिय बजारसम्म निर्यात गर्ने उद्देश्यसहित गाउँपालिकाले मकैको पोस्कर र थाकलबाट बनाइने झोला र टोपी उत्पादनका लागि जनशक्ति उत्पादन गरिरहेको छ", उनले भनिन्-"यसले एकातिर आयआर्जनमा टेवा पुऱ्याउनेछ भने अर्कोतर्फ हाम्रा उत्पादनहरू विदेश निर्यात हुँदा गाउँपालिकाको पहिचान हुने विश्वास गरेका छौँ ।"

तालिममा लक्षित वर्गअन्तर्गत कुमाल, वादी, खुना, मुक्तकमैया, मुक्त कम्लरी, द्वन्द्वपीडित, एकल महिलालगायतलाई प्राथमिकतामा राखेर तालिम दिने काम भइरहेको उपाध्यक्ष थारुले जानकारी दिइन् ।

गाउँपालिकाका नौवटै वडालाई लक्षित गरेर चार ठाउँमा तालिम भइरहेको छ । वडा नं १ को कुसुम, वडा नं २, ८ र ९ का लागि वडा नं ८ को वडा कार्यालयमा, वडा नं ३, ४ र ५ लाई लक्षित गरेर वडा नं ४ को कार्यालयमा र वडा नं ६ र ७ लाई लक्षित गरेर अपाङ्गता पुनर्स्थापना केन्द्र फत्तेपुरमा तालिम सञ्चालन भइरहेको छ ।

# मदन भन्डारी फाउन्डेसनमा बस्याल

नवलपरासी । मदन भन्डारी फाउन्डेसन नवलपरासी पश्चिमको प्रथम अधिवेशन शनिबार परासीमा सम्पन्न भएको छ । प्रतिष्ठानका संयोजक थानप्रसाद गैरैको अध्यक्षतामा नेकपा एमालेका जेष्ठ नगरिक मञ्चका केन्द्रीय सदस्य खिमलाल पोखरेलको आतित्थ्यतामा अविधेशन सम्पन्न भएको हो ।

प्रथम अधिवेशनले श्यामकुमार बस्याल अध्यक्ष रहेको १५ सदस्यीय जिल्ला समितिको चयन गरेको छ । समितिको सदस्यमा विनोद कुँवर रामग्राम, कुलदिप श्रेष्ठ बर्दघाट, नारायण अधिकारी बर्दघाट, तारा सुनार सुनवल, लोकनाथ रेग्मी सुनवल, राजेन्द्र गिरि बर्दघाट, भगवति कार्की सुनवल १२, प्रीयन्का चौधरी प्रतापपुर, दिलिप यादव प्रतापुर, केशव अर्याल सुनवल, कुष्णलाल मुखीयाँ सुस्ता, हरिलाल दुसाद सुस्ता, अप्राज खाँन पाल्हीनन्दन, सुदिप पौडेल सरावल, अवधराज यादव रामग्राम रहेका छन् ।

प्रथम अविधेशनलाई मदन भन्डारी फाउन्डेसनका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश इञ्चाज बलबहादुर आर्चाय, मदन भन्डारी कला प्रतिष्ठान लुम्बिनीका अध्यक्ष अजित खनाल, नेकपा एमाले स्कूल विभाग सदस्य बद्री खनाल, नेकपा एमाले नवलपरासीका अध्यक्ष दिपेन्द्र अधिकारीलगायतले मदन भन्डारीको योगदानमाथि प्रकाश पारेका थिए । कार्यक्रममा मदन भन्डारी फाउन्डेसनका गतिविधि माथि तर्दथ समितिका संयोजक थानप्रसाद गैरैले प्रकाश पारेका थिए ।

# कञ्चन गाउँपालिका सबैभन्दा कम बेरूजु हुने स्थानीय तह

**जगीलाल थापा**
*कञ्चन*

रुपन्देहीको कञ्चन गाउँपालिका जिल्लामा सबैभन्दा कम बेरुजु ल्याउने पालिका बनेको छ । कुल बेरुजु रकमको आधारमा रुपन्देहीका १५ वटा पालिकालाई पछि पार्दै कञ्चन गाउँपालिका गत वर्ष जस्तै यस वर्ष पनि कम बेरुजु आउनेमा पहिलो पालिका बनेको हो ।

महालेखा परीक्षकको कार्यालयको ६२औं प्रतिवेदन अनुसार पालिकाको ९६ लाख ८ हजार रुपैयाँ बेरुजु रकमसँगै जिल्लामै सबैभन्दा कम बेरुजु हुने स्थानीय तह बनेको हो । अघिल्लो वर्ष पनि कञ्चनले जिल्लामा सबैभन्दा कम बेरुजु आउने स्थानीय तहको रुपमा आफूलाई उभ्याएको थियो । सरकारी कार्यालयको अन्तिम लेखा परीक्षण गर्ने संवैधानिक अंग महालेखा परीक्षक कार्यालयलले आफ्नो ६२औँ प्रतिवेदन सार्वजनिक गर्दै आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षणमा कञ्चनको कुल लेखा परीक्षण रकम १ अर्ब २७ करोड बराबरको लेखा परीक्षण रकममा जम्मा ९६ लाख ८ हजार रुपैयाँ मात्र बेरुजु निकालेको हो ।

महालेखा परीक्षक कार्यालयको प्रतिवेदनमा उल्लेख भएअनुसार कुल बेरुजु रकमको आधारमा कञ्चनपछि कम बेरुजु ल्याउने स्थानीय तहको रुपमा सैनामैना नगरपालिका रहेको छ । सैनामैनाको बेरुजु रुकम १ करोड ६ लाख रुपैयाँ रहेको छ भने त्यसपछि शुद्धोधनको २ करोड ४ लाख ५८ हजार रुपैयाँ बेरुजु रकमसहित तेश्रो भएको छ ।

यसैगरी २ करोड ४५ लाख १४ हजार रुपैयाँसहित कम बेरुजु आउने चौथो स्थानीय तहको रुपमा मर्चवारी गाउँपालिका बनेको छ भने २ करोड ४५ लाख १८ हजार बेरुजु रुकमसहित ओमसतिया गाउँपालिका पाँचौं कम बेरुजु ल्याउने स्थानीय तह भएको महालेखा परीक्षक कार्यालयले ६२औँ प्रतिवेदनमा उल्लेख छ ।

बेरुजुको अवस्थालाई कुनै पनि सार्वजनिक निकायको वित्तीय सुशासन, पारदर्शिता, जवाफदेहिता, आर्थिक अनुशासन जस्ता विषयहरुलाई हेर्ने गरिन्छ । कञ्चन गाउँपालिकाले आर्थिक सुशासनको पक्षलाई केन्द्रविन्दुमा राखी कार्यसम्पादन गर्दा बेरुजुको अवस्था न्यून राख्न सफल भएको कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले बताए । जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासलाई परिणाममुखी कार्य गर्नमा सेवाग्राहीको सकारात्मक सहयोगका कारण पालिकाले दोश्रो वर्ष पनि जिल्लामा सबैभन्दा कम बेरुजु हुने स्थानीय तहको रुपमा स्थापित हुन सफल भएको गाउँपालिकाका अध्यक्ष ढकालले जानकारी दिए ।

पालिकाले विगतका वर्षहरुमा जस्तै आगामी आ.व.मा पनि गत आ.व.को बेरुजु अंकलाई घटाएर प्रदेश र संघमै सबैभन्दा कम बेरुजु ल्याउने स्थानीय तहको रुपमा आफ्नो पालिकाको नाम लेखाउन प्रयत्नशिल रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले पालिका, प्रदेश र संघको ऐन, नीति, कार्यविधिहरुलाई अधिक्तम पालना गरेर पुँजीगत तथा चालु खर्चलाई बढाएर नमूना स्थानीय तह बनाउन लागिपरिरहेको बताए ।

गत वर्ष पनि १ करोड ६३ लाख बेरुजु अंकका साथ कञ्चनले जिल्लामै सबैभन्दा कम बेरुजु ल्याउने स्थानीय तहको रुपमा आफूलाई दर्ज गरेको थियो । त्यसैगरी यस वर्ष पनि बेरुजु समपरीक्षणलाई कञ्चन गाउँपालिकाले प्राथमिकताका साथ कार्य अगाडि बढाउँदै गएको पाउन सकिन्छ । यस आ.व.मा करिब ३ करोड ५० लाख पुरानो बेरुजु समपरीक्षण गरिसकेको छ ।

चालु आ.व.को समय सकिन अझैँ २ महिना बाँकी नै छ । चालु आ.व.मा पनि विगतका आ.व.जस्तै नतिजा ल्याएर ह्याट्रिक गर्ने योजनाका साथ काम भइरहेको कञ्चन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवप्रसाद पोखरेलले जानकारी दिए ।

चालु आ.व.को खर्चको अवस्थालाई हेर्दा हालसम्म पुँजीगत खर्चतर्फ ५७.६१ प्रतिशत र चालुतर्फ ६१.९८ प्रतिशतसहित समग्रमा ६०.३९ प्रतिशत कार्य सम्पादन गरिसकेको छ । विगत दुई बर्ष अगाडिदेखि कञ्चनले आर्थिक वर्ष शुरु भएको दोश्रो महिनादेखि नै योजना सञ्चालनका लागि उपभोक्ता समिति, तालिम र सम्झौता गर्ने जस्ता कार्यहरुलाई प्राथमिकता दिएर जेठको दोश्रो हप्तासम्म सम्पूर्ण कार्य सम्पादन मूल्यांकनपश्चात् भुक्तानी दिने कार्यलाई तदरुकता दिँदै आएको छ ।


## काठमाडौं जिल्ला, भित्रको वन व्यवस्थापनको आवधिक, रणनीतिक योजना कार्यान्वयनको प्रारम्भिक वातावरणिय

### परीक्षण प्रतीवेदन सम्बन्धी सार्वजनिक सूचना !

प्रकाशित मितिः २०८२/०२/१७

बागमती प्रदेश, काडमाडौं जिल्ला, डिभिजन वन कार्यालय, काठमाडौंद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावन नाम तथा ठेगाना | डिभिजन वन कार्यालय, काठमाडौं<br>सम्पर्क नं. : ०१-४५४४९४८<br>इमेल : dfoktm@gmail.com |
| प्रस्तावको व्यहोरा | काठमाडौं जिल्लाभित्र रहेका वनहरुको दीगो व्यवस्थापनको लागि आवधिक रणनीति योजना कार्यान्वयन |
| प्रवाभ पर्न सक्ने जिल्ला पालिका | काठमाडौं जिल्लाका सबै स्थानीय तह |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाब उपलब्ध गराइदिन अनुरोध गरिन्छ ।

**रायसुझाबका लागि पत्रचार गर्ने ठेगाना :**

१. डिभिजन वन कार्यालय, काठमाडौं
फोन नं. : ०१-४५४४९४८, इमेलःdfoktm@.com
२. श्री वन तथा वातावरण मन्त्रालय, हेटौडा बागमती प्रदेश
फोन नं. : ०५७-५२५६१७, इमेलः mofe@bagamati.gov.np
३. श्री मालारानी बहुसेवा प्रा.लि. काठमाडौं
फोन नं. : ९८५१०९१३८९, इमेलः malaranibahusewa@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

रु.जि.हु.द.न.१३/०६३/०६४

२०८२ जेठ १८, गते आइतबार
Sunday June. 01, 2025

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



डाँडाभरि धार्मिक संरचना

बागलुङ नगरपालिका-६ स्थित धार्मिक पर्यटकीय क्षेत्र विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट। धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास भइरहेको पञ्चकोटको डाँडाभर रु ५० करोडको धार्मिक संरचना तयार भइसकेका छन्। तस्विरः खेमराज गौतम/रासस

# बुटवलसँग जोडिएका पालिकाबिच अन्तर्क्रियात्मक गोष्ठी




बुटवल । पूर्व गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणले वतर्मान सरकारले ल्याएको बजेट अहिलेसम्मकै उत्कृष्ट र क्रान्तिकारी रहेको बताएका छन् ।

शनिबार बुटवल उप-महानगरपालिकाले आयोजना गरेको सिमाना जोडिएका पालिकासँगको सहकार्य र संयुक्त अभ्याससम्बन्धी अन्तर्क्रियात्मक गोष्ठीमा बोल्दै नेता खाँणले नेपालमा पहिलो बजेट ल याउने सुवर्ण शमशेरपछि अहिले सबैभन्दा राम्रो रहेको दाबी गरे । यथार्थ धरातलमा टेकेर आएको बजेट कार्यान्वयनमा कुनै समस्या नहुने नेता खाँणको धारणा छ । नेपालमा पर्यटनबाट आर्थिक समृद्धि हासिल गर्न सकिने भन्दै त्यसका लागि सबैलाई पर्यटनमैत्री वातावरण बनाउन आवश्यक रहेको उनले बताए । प्रदेश सरकारले भारतीय पर्यटकलाई २५ हजार मात्र ल्याउन पाइने निर्णय सच्याएर ५ हजार डलर दिने व्यवस्था राम्रो आएको उनले जनाए ।

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले सीमा नाकामा प्रहरीले पर्यटकलाई सास्ती दिने गुनासो सरकारसम्म पनि आइरहेको बताउँदै त्यसमा सुधार गर्न आग्रह गरे ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले नगरभित्रका गर्नैपर्ने अनिवार्य कामका लागि पनि प्रदेश सरकारबाट बजेट नपाउँदा सरकार भएको महसुस गर्न नसकेको गुनासो गरे ।

सो अवसरमा बुटवलसँग सिमानाका जोडिएका पालिकाहरुका प्रमुख, उप-प्रमुख, कार्यपालिका सदस्यहरु सहभागी छन् ।

# पशुपालक किसानलाई १२ लाख बराबरको कृषि उपकरण




नवलपुर । नवलपुरको कावासोतीमा रहेको भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र नवलपुरले कावासोती १४ का पशुपालक कृषकहरुलाई कृषी सामग्री हस्तान्तरण गरेको छ ।

कृषि, भूमि व्यवस्था तथा सहकारी पदमा जिसी श्रेष्ठको प्रमुख आतिथ्यतामा कृषि सामग्री हस्तान्तरण गरिएको हो ।

कृषि सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री जिसीले केन्द्रीय सरकारले ल्याएको बजेटबाट कृषकका धेरै माग सम्बोद्धन गरेको बताउँदै प्रदेश सरकारले पनि कृषिमा उत्पादन बढाउनका लागि कृषिमा लगानी बढाउने बताइन् ।

त्यसैगरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री जिसीले नवलपुरमा भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनि लालपूर्जा वितरणका लागि संघीय सरकार र स्थानीय सरकारसँग समन्वयकारी भूमिका निर्वाह गरिरहेको पनि जानकारी दिइन् ।

कार्यक्रममा कावासोती १४ का वडाध्यक्ष तुलसी राम थारु, भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र नवलपुरका प्रमुख डा. शर्मिला कुमाल, स्थानीय जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र नवलपुरको ९० प्रतिशत अनुदान र उद्यमशिल बहुउद्देश्यीय कृषक समूहका कृषकहरुको १० प्रतिशत लगानीमा १२ लाख बढीका कृषि सामग्री वितरण गरिएको हो ।

कार्यक्रममा बोल्दै भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र नवलपुरका प्रमुख डा. शर्मिला कुमालले यो कार्यक्रमलगायत ३ वर्षसम्म छनौट भएका समूहहरुमा लागू हुने जानकारी गराइन् ।

उद्यमशिल बहुउद्देश्यीय कृषक समूहका संस्थापक अध्यक्ष ध्रुवकुमार श्रेष्ठले यहाँका कृषकहरुलाई उसको आवश्यकता हेरि कृषि सामग्री वितरण गरिएको जानकारी दिए । उनका अनुसार छाँटी काट्ने मेसिन २ वटा, धान, गहुँ पिस्ने मेसिन ३ वटा, पानी तान्ने मोटर १ थान, ७ वटा गोठ सुधार गर्ने योजनासहित १३ जनालाई कृषि उपकरणहरु हस्तान्तरण गरिएको हो ।

# किसानलाई सहुलियतमा धानको बीउ



रामपुर । सहुलियतमा धानको बीउ पाएपछि पाल्पा रामपुर नगरपालिकाका किसानलाई राहत मिलेको छ ।

कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले सावित्री १४ हजार दुई सय ९८ किलोग्राम, सावाँमन्सुली छ हजार चार सय किलो र रामधानको एक हजार तीन सय किलो बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको जानकारी दिए । नगरपालिकाले अग्रिम सूचना जारी गरी किसानको मागका आधारमा सात सय १५ किसानलाई २१ हजार नौ सय ९८ किलो बीउ उपलब्ध गराइएको गैरेले बताए ।

नगरप्रमुख रमणबहादुर थापाले कृषि उत्पादन बढाउन धान, मकै र गहुँलगायत बालीमा अनुदानका कार्यक्रम अगाडि बढाइएको जानकारी दिए । रामपुर उर्बरभूमि रहेकाले नगरपालिकाले कृषि उत्पादन वृद्धि गरेर आत्मनिर्भर बनाउन उत्पादनमूलक कार्यक्रम, विभिन्न उपकरण वितरण, तालिम, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरिरहेको उनले जनाए ।

यसरी अनुदानमा बीउ पाएपछि बजारबाट महँगो मूल्यमा धानको बीउ खरिद गर्नुपर्ने बाध्यता टरेको रामपुर-६ का विजयपुरका ओमप्रकाश रेग्मीले बताए ।

नगरपालिकाले ५० प्रतिशत अनुदानमा सावित्रीप्रति किलो रु ३४, रामधानर सावाँमन्सुलीप्रति किलो रु ३७ का दरले उपलब्ध गराएको छ ।

# प्रदेशस्तरीय यु-१६ क्रिकेटमा रूपन्देही च्याम्पियन



भैरहवा । लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा घरेलु टोली रुपन्देहीको टिम च्याम्पियन बनेको छ । भैरहवामा सम्पन्न फाइनल खेलमा दाङलाई ६२ रनले पराजित गर्दै रुपन्देही च्याम्पियन बनेको हो । रुपन्देहीको जितमा लक्ष्मण कुमालले उत्कृष्ट बलिङ गरे ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनल खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले निर्धारित ३५ ओभरमा २४ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ३१ रनको मध्यम योगफल बनायो । रुपन्देहीका लागि सिद्धार्थ ढकालले ५४ रनको अर्धशतकीय पारी खेले । ४५ बलको सामना गरेका उनले ४ चौका र ४ छक्का प्रहार गरे । रोजन कुमालले २६, समीर अलि मुसलमानले २२ र तुसार चौहानले १० रनको जोडे । बलिङमा दाङका शुभम खनालले ६ ओभरमा १५ रन खर्चेर ५ विकेट लिँदा दक्ष ठाकुरले ३, चन्द्रबहादुर थापा र करण जीएमले १-१ विकेट हात पारे ।

१३२ रनको लक्ष्य पछ्याएको दाङ २२ ओभर १ बलमा सबै विकेट गुमाएर ६९ रनमै समेटियो । बलिङमा रुपन्देहीका लक्ष्मण कुमालले ७ ओभरमा १ मेडनसहित १४ रन खर्चेर ५ विकेट हात पारे । यस्तै, प्रिन्स पालको नाममा ४ विकेट रह्यो । दाङका अभिजित भण्डारीले सर्वाधिक १८ र शुभम खनालले १४ रन बनाए पनि अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । प्रतियोगितामा रुपन्देहीका लक्ष्मण कुमाल म्यान अफ द फाइनल घोषित भए ।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका थिए । विजयी टिमलाई सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँ, लुम्बिनी प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्ष विनय राजभण्डारी, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, नेपाल क्रिकेट संघका निवर्तमान कार्यबाहक सचिव प्रशन्तविक्रम मल्ल, प्रतियोगिता संयोजक प्रथम पराजुली लगायतले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरे ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

वन डढेलोजन्य कार्यमा सरिक हुनेका बिरुद्ध गोप्य सुराकी :-

वन डढेलोजन्य कार्य गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ। यस अपराधमा सरिक हुनेका बिरुद्ध गोप्य सुराक र अनुसन्धान प्रकृयामा सहयोग गरिदिन अनुरोध छ।

दोषी पहिचानमा सहयोग गरौं (९८५७०६३६११, ९८५८३२१०१६)

अनुरोधक
डिबिजन वन कार्यालय अर्घाखाँची

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com